आज मिति २०७४ पौष १० गते सोमवार दिनको ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

**विषयहरु :-**

१. जनज्योति पुस्तकालय स्थानान्तरणबारे ।

२. आकाशे पानी संकलनबारे सम्भाव्यता अध्ययनबारे ।

३. अनलाइन नक्सा र घर नम्बरिङ्गबारे तालिम संचालनबारे

४. भ.न.पा.वडा नं. ५ स्थित भेलुखेलको फोहर मैला संकलन केन्द्र व्यवस्थित गर्नेबारे ।

५. 'एक शहर एक पहिचान' सम्बन्धी छलफल कार्यक्रमको आयोजना गर्नेबारे ।

६. समितिको निर्णय अनुमोदनबारे ।

७. विविध ।

**निर्णयहरु :**

१. यस नगरपालिकाद्वारा संचालित जनज्योति पुस्तकालयलाई थप व्यवस्थित गर्ने तथा नपुखुमा स्थानान्तरण प्रक्रियालाई अघि बढाउन वडा अध्यक्ष श्री हरि प्रसाद बासुकलाको संयोजकत्वमा कार्यपालिका सदस्य रोशन मैया सुवाल र कार्यपालिका सदस्य सरिना द्योला रहने गरी एक कार्यदल गठन गर्ने । उक्त कार्य दलले २०७४ फागुन मसान्तसम्ममा जनज्योति पुस्तकालयलाई हालको स्थानबाट नपुखु सामुदायिक भवनमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

२. भक्तपुर नगर क्षेत्रका विभिन्न ठाउँहरुमा आकाशे पानी संकलन गरी प्रशोधन गर्ने र खानेपानी अभाव पूर्ति गर्न स्थानीय जनता र विज्ञहरुसँग सल्लाह परामर्श गरी विस्तृत अध्ययन गरी माघ १५ गतेभित्र प्रतिवेदन पेश गर्न उपप्रमुख श्री रजनी जोशीज्यूको संयोजकत्वमा देहाय अनुसार तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो :

   १. उपप्रमुख रजनी जोशी – संयोजक

   २. वडा अध्यक्ष – महेन्द्र खायमली – सदस्य (खानेपानी समिति संयोजक)

   ३. वडा अध्यक्ष – रविन्द्र ज्याख्वा– सदस्य (वातावरण तथा पर्यटन समिति संयोजक)

३. यस न.पा. क्षेत्रभित्रको अनलाइन नक्सा र घर नम्बरिङ्ग सम्बन्धमा आवश्यक पदाधिकारी र कर्मचारीहरुलाई तालिम दिने । सोको लागि आवश्यक तथ्यांक संकलन गर्न शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिलाई जिम्मा

दिने र घर नम्बरिङ्गको तालिम निर्माण समितिबाट दिने निर्णय गरियो ।

४. भ.न.पा. वडा नं. ५ स्थित फोहर मैला संकलन केन्द्रलाई व्यवस्थित गर्नका लागि आवश्यक लगत इष्टमेट गरी पेश गर्न योजना तथा प्राविधिक शाखालाई जिम्मा दिने निर्णय गरियो ।

५. 'एक शहर एक पहिचान' कार्यक्रम अन्तर्गत भक्तपुर नगरमा के कस्तो योजना अघि बढाउने र विश्व सम्पदा सूचीमा सूचिकृत प्रसिद्ध टौमढी क्षेत्रमा सवारी साधन प्रवेश निषेध गर्ने विषयमा स्थानीय बुद्धिजीवीहरुबीच भेला कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

६. विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

**<u>वातावरण तथा पर्यटन समिति :</u>**

मिति २०७४।९।४ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. स्थानीय जनताको विशेष आग्रह र सो समयमा धार्मिक गतिविधि हुने कुरालाई ध्यानमा राखेर यही आउंदो पुस ८ गते शनिवार विहान ७:०० बजे हनुमानघाट क्षेत्रमा विशेष सरसफाई कार्यक्रम गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरको बजार लाइनमा च्याम्हासिंहदेखि भार्वाचो हुंदै खौमासम्म आउँदो पुस १५ गतेबाट १२ देखि ४ बजेको समयमा फोहोर संकलन कार्य अगाडि बढाउने निर्णय गरियो ।

ग. कुहिने नकुहिने फोहोर मैला व्यवस्थापन सम्बन्धी तालिम मंसिर २ गतेदेखि शुरु हुने भनिएतापनि विशेष कारणले स्थगित भएको र सो तालिम पुनःआउंदो पुस १६ गतेदेखि १८ गतेसम्म तीन दिने तालिम संचालन गर्ने निर्णय गरियो ।

घ. च्याम्हासिंहस्थित पर्यटन काउण्टर सो स्थानमा हाललाई समस्या रहेको कारण उपयुक्त स्थानमा राख्नका लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

ङ. यस नगरपालिका परिसरमा पर्यटक शौचालय निर्माण सम्बन्धमा छलफल गरियो ।

**<u>नगर शिक्षा समिति :</u>**

मिति २०७४।८।२८ गते बसेको नगर शिक्षा समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लेख भए बमोजिम यस नगरपालिकाबाट शैक्षिक सत्र २०७४ को आधारभूत तह कक्षा ८ को परीक्षा संचालन एवं व्यवस्थापन गर्ने निर्णय गरियो । साथै यस निर्णयको औपचारिक जानकारी संचार माध्यम एवं पत्राचार मार्फत सबै विद्यालयहरुलाई गराउने निर्णय गरियो ।

ख. कक्षा ८ को परीक्षा संचालन र व्यवस्थापनका विषयमा छलफल गरी राय सुझाव समेत लिनका लागि यस नरपालिकास्थित विद्यालयहरुबाट गठित विभिन्न परीक्षा समितिहरुका प्रतिनिधि तथा प्याब्सन, एन प्याब्सन, ISAN का प्रतिनिधिहरुसँग २०७४ पौष ३ गते, ३:०० बजे छलफल एवं अन्तरक्रिया गर्ने निर्णय गरियो ।

ग. श्री लर्नरस एकेडेमी भक्तपुरबाट विद्यालय व्यवस्थापन समिति गठनका लागि त्यस विद्यालयबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनोनयनका लागि सिफारिस गरी पठाएका व्यक्तिहरुमध्ये श्री दिपक सुवाललाई मनोनयन गर्ने निर्णय गरियो ।

घ. यस नगरपालिका अन्तर्गतका सामुदायिक एवं संस्थागत विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको गठन मिति एवं समितिका पदाधिकारीहरुको विवरण माग गर्ने निर्णय गरियो ।

**<u>शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति</u>**

मिति २०७४।८।२४ गते बसेको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियोः

क. कक्षा ८ का नगर स्तरीय परीक्षा संचालन सम्बन्धमा

शिक्षा मन्त्रालय शिक्षा विभागको मिति २०७४-८-५ गतेको पत्र बैठकमा राखी छलफल गरियो :

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा १ ञ(१४) बमोजिम कक्षा ८ को (आठ) को अन्तिम परीक्षा संचालन, व्यवस्थापन तथा प्रमाणीकरण स्थानीय तहबाट हुने व्यवस्था भए अनुसार भक्तपुर नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुको नगर स्तरीय कक्षा ८ (आठ) को परीक्षा भनपाले गर्ने निर्णय गरियो ।

ख. ट्रान्सपारेन्सी इन्टरनेशनल २०७४ सालदेखि लगातार ५(पांच) वर्षको लागि भूकम्पबाट अति प्रभावित १४ जिल्लामा भूकम्प पछिको पुनः निर्माण र पुनः स्थापनामा सदाचार कार्यक्रम संचालन गरी आएकोमा यस वर्ष संचालन गर्नको लागि सहमति पाऊं भनी यस न.पा.को नाउंमा प्राप्त पत्र अनुसार सहमति दिने निर्णय गरियो ।

विभिन्न सीपमूलक तालिम संचालनका लागि यस न.पा.को नाउंमा प्राप्त पत्र अनुसार निम्न प्राविधिक विषयहरुको ३ महिने तालिम संचालन गर्ने निर्णय गरियो :

**<u>तपसिल</u>**

१. हाउस वायरिङ्ग
२. थाङका आर्ट (पौवा) तह १
३. मोटरसाइकल रिपेरिङ्ग (अटो मेकानिक)
४. कन्टिनेन्टल कुक
५. सिलाई कटाई

६. विद्युत जडान

७. विल्डिङ्ग इलेक्ट्रिसियन १, प्लम्बर, उडकार्भर

ग. दक्षिण पूर्वी एशियाली देशका प्रतिनिधिहरुको सहभागी हुने स्थानीय सुशासन सक्रियता र संजाल (Login) को यही मिति २०७४ मंसिर २७ गतेदेखि २९ गतेसम्म थाइल्याण्डको राजधानी ब्याङककमा हुने महासभामा भाग लिन उपप्रमुख रजनी जोशीलाई भनपाबाट प्रतिनिधित्व गराउने निर्णय गरियो ।

**महिला, बालबालिका तथा समाज कल्याण समिति :**

मिति २०७४।८।२५ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. आ.व.२०७४/०७५ देखि लागू हुने गरी यस नगरपालिकाको नगर सभाबाट शिशु स्याहारको मासिक शुल्क र धरौटी रकम दोब्बर गर्ने निर्णय भएकोमा शिशु स्याहार केन्द्रहरुको स्तरोन्नती र सुधार गर्न बांकी रहेकोमा हाल स्तरोन्नती र सुधारका काम भइरहेकोले २०७४ माघ १ गतेदेखि लागू हुने गरी उल्लेखित मासिक शुल्कका साथै धरौटी समेत रु.१,०००।– (एक हजार) का दरले लिने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

मिति २०७४।९।३ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा संचालित शिशु स्याहार केन्द्रका शिशुहरुको स्वास्थ्य परीक्षणको रिपोर्ट फाराम जम्मा १००० प्रति छाप्ने निर्णय गरियो ।

ख. भ.न.पा. द्वारा संचालित प्रत्येक शिशु स्याहार केन्द्रमा शिशुको तौल र उचाई नाप्ने मापक मेशिन १/१ सेट खरिद गर्ने निर्णय गरियो ।

ग. यस भ.न.पा. द्वारा संचालित पाक शिक्षा र एड्भान्स सिलाई तालिमका प्रशिक्षार्थीहरुलाई विषयगत परीक्षा लिने निर्णय गरियो ।

**कृषि समिति :**

मिति २०७४।९।६ गते बसेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. मिति २०७४।९।५ गते जिल्ला कृषि विकास कार्यालयबाट प्राप्त पत्र (च.नं. २६३/०७४/०७५) को विषयमा छलफल गरियो ।

ख. जिल्ला कृषि कार्यालय, भक्तपुरले भ.न.पा. अन्तर्गत विभिन्न विषयमा तथ्यांक माग भएकोमा माछा, मासु, भूकम्प र आगलागी, बसाई सराई, सरसफाई, वैदेशिक रोजगारलगायत भनपामा उपलब्ध तथ्यांकहरु उपलब्ध गराउने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाका कृषकहरुलाई तालिम दिने विषयमा छलफल गरियो ।

**खानेपानी व्यवस्थापन तथा स्रोत परिचालन समिति :**

मिति २०७४।८।५ गते बसेको खानेपानी व्यवस्थापन तथा स्रोत परिचालयन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर बहुमुखी क्याम्पस, दूधपाटीको पछाडि र सल्लाघारीस्थित डिप बोरिङ्गमा आवश्यक ट्रिटमेन्ट प्लान्ट (प्रशोधन केन्द्र) बनाउने आवश्यक बजेट भ.न.पा.बाट र प्राविधिक सहयोग काठमाण्डौ उपत्यका खानेपानी लि. बाट गर्न आवश्यक कार्य गर्न पत्राचार गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाभित्र खानेपानी वितरण प्रणाली सुधार गर्ने आवश्यक प्राविधिक सुधार रिपोर्ट का.उ.खा.लि. बाट भनपामा सुझाव पेश गर्ने निर्ण्य गरियो ।

**आर्थिक समिति :**

मिति २०७४।९।५ गते बसेको आर्थिक समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

क. कर टोली गठन सम्बन्धमा यस नगर क्षेत्रभित्र दर्ता हुन बांकी पसल/व्यवसाय/उद्योग आदि दर्ता गरी कर असुल गर्ने कर उपशाखाबाट पेश भए अनुसार सम्बन्धित वडा अध्यक्षज्यूको संयोजकत्वमा कर टोली गठन गरी प्रत्येक वडामा ७ देखि १० दिनका दरले कर टोली परिचालन गर्ने साथै स्थानीय पत्रिका र पर्चा मार्फत सोबारे सूचित गरी अघि बढाउंदा उचित हुने व्यहोरा न.पा. बोर्डमा पेश गर्ने निर्णय गरियो ।

ख. एकीकृत सम्पत्ति कर सम्बन्धमा हालको स्थानीय सरकार संचालन ऐनले घर जग्गा करको सट्टा २०७५ साल श्रावण १ गतेदेखि एकीकृत सम्पत्ति लागू गर्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा उक्त करबारे जानकारी दिन जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरुलाई सो सम्बन्धी जानकारीमूलक तालिम तथा गोष्ठी आयोजना गरी अघि बढ्दा उचित हुने व्यहोरा न.पा. बोर्डमा अनुरोध गर्ने निर्णय गरियो ।

७. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क) निवेदक राम कृष्ण कैटीले साविक भ.न.पा. वडा नं. ५ हाल भ.न.पा. वडा नं. ५ स्थित कित्ता नं. ३४९ को क्षेत्रफल ०-०-२-२ जग्गामा साविक साँझ्य राखी नक्सा पास भएकोमा हाल निर्माण गर्ने क्रममा सो झ्याल पुनः प्रयोग गर्न नसकिने अवस्था भएको हुंदा सो झ्याल हटाई परम्परागत शैलीको सादा झ्याल राखी नक्सा संशोधन माग भएकोमा सो झ्याल पुनः प्रयोग गर्न पुरानो भई प्रयोग गर्ने अवस्था नभएकोले सो झ्यालको ठाउंमा परम्पराग शैलीकै सादा झ्याल राखी नक्सा पेश भएको सम्बन्धमा सो अनुसार संशोधन नक्सा पास प्रकृया अगाडि बढाउने भनी निर्माण समितिको मिति २०७४।९।४ गते बसेको बैठकबाट निर्णय भई आएकोले सिफारिस अनुसार गर्ने निर्णय गरियो ।

ख) निवेदक अम्बिका श्रेष्ठ खागी समेतले साविक भ.पू.जि. चित्तपोल गा.वि.स. वडा नं. १(क) बाट हाल भ.न.पा. वडा नं. ८ स्थित कित्ता नं. ३३१ क्षेत्रफल ०-१-०-० भएको जग्गामा नक्सा पास प्रकृयाको लागि पेश भएको सम्बन्धमा सो प्रस्तावित घरको दक्षिणतर्फ पुरानो जगातीबाट ६.० मी. मापदण्ड छोडी पेश भएको सम्बन्धमा भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड अनुसार ७० % कभरेज मात्र ओगट्न पाउनेमा पेश नक्सामा ८७.३७% कभरेज ओगट्ने गरी पेश भएको र बाटोतर्फ मापदण्ड छोड्दा तोकिएको मापदण्ड भन्दा बढी बाटो भएको अवस्थामा १.५ मी. आफ्नो छोड्नु पर्ने व्यवस्था भएकोमा भ.न.पा.को भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको बूंदा नं. ३.२.४.१ मा यदि निर्माण गरिने भवनको गहिराई ६.० मि. भन्दा कम भएको अवस्थामा यस प्रकारको भवन निर्माणमा कमरेज पुरा पाउने व्यवस्था भए बमोजिम पेश नक्सा अनुसार कभरेज ८७.३७% बमोजिम नै नक्सा पास प्रकृया अगाडि बढाउने र नक्सा मापदण्ड बढी भई आफ्नो जग्गा दक्षिण पश्चिमतर्फ ७'' र दक्षिण पूर्वतर्फ २'-१०'' मात्र छोडिएको सम्बन्धमा मापदण्ड अनुसार ५' जग्गा छोड्ने बेलामा प्रस्तावित भवन बन्ने अवस्था नभएको हुंदा पेश नक्सा अनुसार नै बाटोतर्फको मापदण्ड कायम गर्ने भनी निर्माण समितिको मिति २०७४।९।४ गते बसेको बैठकबाट निर्णय भई आएकोले सिफारिस अनुसार गर्ने निर्णय गरियो ।

ग) निवेदक केशरी श्रेष्ठ समेत ९ जना ले भ.न.पा. १ साविक कटुञ्जे गा.वि.स. १(ख)१ स्थित कित्ता नं. ५०४५, ५०४४, ४९४७, ४९४६, ५६३६, १७४५, ३६६, ३४१, १७४४ र ५६४० को क्रमश क्षेत्रफल ०-३-२-०, ०-३-३-०, ०-४-०-०, ०-४-०-०, ०-५-०-०, ०-९-१-०, ०-४-२-०, ०-५-३-०, ०-९-१-० र १-९-२-१ गरी जम्मा **४-१४-२-२** भएको जग्गामा योजना विकास अनुमतिको लागि माग भएको सम्बन्धमा तल उल्लेखित शर्त गराई योजना अनुमति दिने भनी निर्माण समितिको मिति २०७४।९।४ गते बसेको बैठकबाट निर्णय भई आएकोले सिफारिस अनसार गर्ने निर्णय गरियो ।

१. पेश प्रतावित योजनामा ढलको व्यवस्था सम्बन्धमा दक्षिणतर्फको ह्यूम पाईपमा ढल जोड्ने गरी पेश भएकोमा सो ढलमा नजोडी प्रस्तावित योजनाको पश्चिमतर्फ हनुमन्ते खोलाको किनारा भएर पि.डी.आई. ले ढल विस्तार गरी गरिएको ढलमा जोड्ने गरी प्रत्येक प्लटमा सेप्टिक ट्यांक भएर सो ढलमा जोड्ने व्यवस्था गर्नुपर्नेछ ।

२. पेश प्रस्तावित योजना Low Land Area मा र संगै हनुमन्ते खोला भएको हुंदा वर्षातको समयमा डुवान हुने सम्भावना भएको हुंदा सोबाट बच्न योजना संचालकले नै आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

३. प्रस्तावित योजना क्षेत्रमा हालसम्म खानेपानीको पाईप लाईन व्यवस्था भैनसकेको हुंदा पानीको लागि आकाशे पानी संकलन व्यवस्था मिलाउनु पर्नेछ ।

४. पेश योजनाले सो क्षेत्रको सार्वजनिक जग्गा, बाटो आदि मिचिएमा योजना स्वत रद्द हुनेछ ।

घ. उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुंदा देहाय अनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

क. योजनाको नाम : भ.न.पा.वडा नं. २ स्थित कालीघाटस्थित ढुंगेधारा निकास सुधार कार्य

**<u>पदाधिकारीहरुको नाम :</u>**

१. अध्यक्ष : श्री रत्नलाल कैती

२. उपाध्यक्ष: श्री सानु बासुकला

३. सचिव : श्री पुण्यराम बासुकला

४. कोषाध्यक्ष : श्री रुपा राजचल

५. सदस्य : श्री बालमुकुण्ड बासुकला

६. सदस्य : श्री पूर्ण केशरी बासुकला

७. सदस्य : श्री सनम बासुकला

८. सदस्य : श्री गंगा सुवाल

९. सदस्य : श्री राजेश ब्यान्जु

**<u>अनुगमन समिति</u>**

१. संयोजक : श्री कृष्ण कुमार राजचल

२. सदस्य : श्री राम प्रसाद धुसु

३. सदस्य : श्री सञ्जय बासुकला

४. सदस्य : श्री दिपक बासुकला

५. सदस्य : श्री अमर बासुकला

ख. योजनाको नाम : भ.न.पा.वडा नं. १ स्थित असंगाल बाटो सुधार (असंगालबाट दुगुरे जाने बाटो) कार्य

**पदाधिकारीहरुको नाम :**

१. अध्यक्ष : श्री रन्जन बमनु

२. सचिवः श्री कृष्ण कुमार श्रेष्ठ

३. कोषाध्यक्ष : श्री निरु ढकाल

४. सदस्य : श्री सुरेश साही

५. सदस्य : श्री लक्ष्मी प्रसाद सिन्ताकल

६. सदस्य : श्री आस लक्ष्मी सिन्ताकल

७. सदस्य : श्री मैया खत्री

**अनुगमन तथा सहजिकरण समिति**

१. संयोजक : श्री सूर्य प्रसाद श्रेष्ठ

२. सदस्य : श्री कृष्ण प्रसाद दुमरु

३. सदस्य : श्री सिता प्यारी

४. सदस्य : श्री राम लक्ष्मी सिन्ताकल

५. सदस्य : श्री उत्तम कोजु

ग. योजनाको नाम : भ.न.पा.वडा नं. १० स्थित नगाना बाटोमा ईटा छपाई कार्य

**पदाधिकारीहरुको नाम :**

१. अध्यक्ष : श्री सुकुराम मगजु

२. सचिवः श्री पुन कुमार माकजु

३. कोषाध्यक्ष : श्री राज्य लक्ष्मी माकजु

४. सदस्य : श्री कृष्णकाजी बरिया

५. सदस्य : श्री सिताराम श्रेष्ठ

६. सदस्य : श्री कृष्ण गोपाल खाइजू

७. सदस्य : श्री देवलक्ष्मी बाला

**अनुगमन समिति**

१. संयोजक : श्री जितेन्द्र मुनंकर्मी

२. सदस्य : श्री हरिभक्त मगजु

**३. सदस्य : श्री सुनकुमार माकजू**

**४. सदस्य : श्री कृष्ण भक्त माकजु**

**५. सदस्य : श्री बद्री मगजु**

**ङ. ल.ई. सम्बन्धमा छलफल हुंदा निम्न अनुसार गर्ने निर्णय गरियो :**

| आ.व. ०७४।७५ मा नपा□वडास्तरीय योजनाहरूको विवरण निर्माण समितिबाट स्वीकृत | | | | | |
|---|---|---|---|---|---|
| | **योजनाको नाम** | **वडा नं** | **ल.ईं रकम** | **रि.ल.ई** | **कैफियत** |
| **क** | **वडा स्तरिय योजनाहरू** | | | | |
| १ | भुलांचा बाटोमा ईटा छपाई तथा ढल निकास व्यवस्था कार्य | ४ | ६,६०,७८६।५ | ८,३३,५९१।२९ | वडा बजेट |
| २ | खिछें भजन पाटी फल्याक बिछ्याउने कार्य | ६ | २,७३,७८३।७७ | | वडा बजेट |
| ३ | बालाखु गणेश मन्दिर अगाडिको बाटो मर्मत कार्य | २ | १,८६,१९३।२५ | | वडा बजेट |
| ४ | छाना मर्मत कार्य (बालाखु गणेश मन्दिर अगाडिको पाटी र शारदा मा.वि. अगाडिको पाटी) | २ | ९२,८३८।३४ | | वडा बजेट |
| ५ | भाजु पोखरी सुधार कार्य | १ | ११,६७,४३९।७२ | | मर्मत कोष |
| | **नगर स्तरीय योजनाहरू** | | | | |
| १ | न.पा.भवनभित्र इजलास निर्माण कार्य | २ | ७,४१,९८९।२१ | | नपा बजेट |

**च. पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुंदा देहाय अनुसारको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो :**

| सि.नं. | योजना | वडा नं. | ल.ई. | मुल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महालक्ष्मी पाटीदेखि बसपार्कसम्म ईटा छपाई कार्य | १ | ४,१८,२६१।१६ | ३,८०,४१०।७६ | ३,१८,२६०।०० | १,५०,०००।०० | १,६८,२६०।०० | |
| २ | ध्वनचा बाटोमा रेलि□ बार लगाउने कार्य | १ | २८,०६७।००० | ३१,४५०।०० | २७,८७२।७६ | | २७,८७२।७६ | |

**छ. म्याद थप सम्बन्धमा छलफल हुंदा देहाय अनुसार गर्ने निर्णय गरियो :**

| सि.नं. | योजना | वडा नं. | सम्पन्न गर्नु पर्ने | म्याद थपको माग |
|---|---|---|---|---|
| १ | असंगाल गणेश मा.वि.संगैको बाटोमा ढल निकास कार्य | १ | २०७४ असार मसान्त | २०७५ असार १५ गते |
| २ | वडा नं. ४, मंगलतिर्थ सोलार सडक बत्ती जडान कार्य | ४ | २०७४ असार मसान्त | २०७४ पुस मसान्त |

ज. लेखा समितिबाट आ.व. २०७३/०७४ को यस न.पा. अन्तर्गतका निकायहरुको अन्तिम लेखा परीक्षण गर्न २०७४।८।१३ गते गोरखा पत्र दैनिकमा प्रकाशित सूचना अनुसार पर्न आएका सिलबन्दी निवेदनमध्ये सबैभन्दा कम पारिश्रमिक रु.१५,०००।- भ्याटसहित कबोल गर्ने आचार्य के.आर.एण्ड एशोसियटस्लाई सिफारिस भइआएकोले सो एशोसियट्सलाई नियुक्ति गर्ने निर्णय गरियो।

झ. यस कार्यालयद्वारा कृषि सम्बन्धी गहुँ बाली लगाउने कार्यको लागि विउ खरिद रु.३,९०,६७५।- भुक्तानी सिद्धि कृषि सहकारी संस्थालाई गएको खर्च अनुमोदन गरियो।

ञ. यस कार्यालयद्वारा नगर क्षेत्रका विभिन्न मन्दिर, पाटीमा झलर राख्ने कार्यको लागि २०११.९५ मिटरप्रति मिटरको रु.२५३।७५ का दरले रु.५,१०,५३२।३१ भुक्तानी रामलक्ष्मी दुवाललाई दिने निर्णय गरियो।

ट. यस कार्यालयको पौष २ गते ६८ औं नगरपालिका स्थापना दिवसको उपलक्ष्यमा आवश्यक खाजा रु.७०,६३०।- र टेण्ट वापत ३०,५००।- गरी जम्मा रु.१,०१,१३०।- खर्च समर्थन गरी भुक्तानी राजन अवाल र राजन चित्रकारलाई दिने निर्णय गरियो।

ठ. यस कार्यालयद्वारा मिति २०७४।८।९ महिला स्वास्थ्य शिविर संचालन गर्न सदस्य छोरी मैया प्रजापति (सुजखु) ज्यूबाट रु.१,५०,०००।- पेश्की लिनु भई कार्यक्रम सम्पन्न पछि रु.१,१२,८७६।- बराबर खर्च बिल र बांकी रु.३७,१२४।- दाखिला गर्नु भएको हुंदा निजको नाउंमा पेश्की फछ्र्यौट गरिदिने निर्णय गरियो।

ड. यस कार्यालयको लागि आवश्यक बैठकमा खाजा व्यवस्था गरेको रु.३१,३००।- भुक्तानी दिव्य स्विट्सलाई दिने निर्णय गरियो।

ढ. यस कार्यालयको लागि जलपान व्यवस्था गर्न रु.१०,०००।-गणेश लाल जधारीलाई दिएकोमध्ये पुस ११ सम्मको खर्च रु. १८,३३३।- समर्थन गरी नपुग भुक्तानी रु.८३३३।- दिने निर्णय गरियो।

ण. यस कार्यालयको खाना र खाजा व्यवस्था गरेको रु.७,५६०।- खर्च समर्थन गरी रामकृष्ण श्रेष्ठलाई दिने निर्णय गरियो।

त. यस कार्यालयबाट मिति २०७४।८।१५ गते टु लिङ्सीन चाइनिज प्रतिनिधि मण्डललाई खाना व्यवस्था गरेको रु.५१,८४६।- भुक्तानी होटेल हेरिटेजलाई दिने निर्णय गरियो।

थ. यस कार्यालयद्वरा संचालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजनालाई रु.५,००,००,०००।- (पांच करोड) निकासा दिने निर्णय गरियो।

द. यस कार्यालय सफाई गाडी नं. ८७४८ बाट विजय सुवालको मोटरसाइकल नं. ५१७७ ठक्कर लागेर मर्मत गर्दा रु.३,०००।- भुक्तानी दिने निर्णय गरियो।